# माङसेबुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

इभाङ, इलाम

प.सं. २०७५/०७६ प्रदेश नं. १, नेपाल

च.नं. 320

## प्राबिधिक कर्मचारी करारमा पद पूर्ति गर्ने सम्बन्धि सुचना

प्रथम पटक प्रकाशित मितिः२०७५/१०/२१

माङसेबुङ गाउँपालिकामा निम्न सेवा समुह तथा तहका पदहरुमा खुला प्रतियोगात्मक लिखित तथा मौखिक परिक्षाद्वारा पद पुर्ति गर्नु पर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेद्वारहरुबाट दरखास्त आह्वान गरिन्छ। तोकएको न्युनतम योग्यता पुगेका तथा प्रचलित कानुनले अयोग्य नठहरिएका उम्मेद्वारहरुले गाउँपालिकामा आवेदन दिनुपर्ने छ। परिक्षा कार्यक्रम आवेदन फर्म भर्ने म्याद सकिएपछि तोकिनेछ। यो सुचना प्रकाशित भएको मितिले १५ औ दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ। यसको फाराम, कार्यबिबरण सेवाका शर्तहरु सहितको बिबरण कार्यालयमा उपलब्ध हुनेछ। रित नपुगि वा म्याद नाघि आएका निबेदन उपर कुनै कार्बाहि हुने छैन ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | माग संख्या | दरखास्त दस्तुर | कार्यक्षेत्र |
|---|---|---|---|---|---|---|
| १. | ०७५/७६/००३ | अ.न.मी | सहायक चौथो | ५ | ४०० | माङसेबुङ गाउँपालिका |
| २. | ०७५/७६/००४ | अ.हे.व | सहायक चौथो | २ | ४०० | माङसेबुङ गाउँपालिका |

परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता

आवेदन फाराम बुझाउने स्थानः माङसेबुङ गाउँपालिकाको कार्यालय, ईभाङ, इलाम

दरखास्त बुझाउने अवधिः बिज्ञापन भएको मितिले १५औ दिनसम्म कार्यालय समयभित्र

पारिश्रमीकः गाउँपालिकाले तोकेबमोजिम

उमेरको हदः स्वास्थ्य सेवाका लगि १८ बर्ष पुरा भइ ४५ ननाघेको

परिक्षा मिति र केन्द्र आवेदन फारामको म्याद सकिएपछि जानकारि गराइनेछ।

**शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरीक हुनुपर्ने छ।

२. नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अनिवार्य बिज्ञान तथा गणित बिषय लिइ एस.एल.सी/एस.इ.इ दिएर उल्लेखित बिषयको कोर्ष उतिर्ण गरेको। तालिम प्राप्त र अनुभवी उम्मेद्वारलाइ प्राथमिकता दिइनेछ।

३. नेपाल नर्सिङ/नेपाल काउन्सिल परिषदबाट स्थायी र अस्थायी प्रमाणपत्र प्राप्त गरेको।

४. अ.न.मी. को हकमा २४ घन्टे सेवा सञ्चालन गर्ने एस.बि.ए. तालिम प्राप्त लाइ प्राथमिकता दिइनेछ।

५. सेवाको किसिमः करार

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, प्राविधिक कार्यका लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) को प्रतिलिपि, तालिम र अनुभव भएमा सो समेतको प्रतिलिपि।

प्रमुख प्रशासकिय अधिकृत
लाल बहादुर श्रेष्ठ